*कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित*

# सिटि होटल लिमिटेड
# City Hotel Limited

छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं, नेपाल, पो.व.नं. ८८०१, काठमाण्डौं ।
फोन नं. ५६७१२००/५६७१२०१/५९१२८१२/३/४ फ्याक्स नं. ५३८१२३५
इमेल: cs@cityhotel.com.np, वेबसाइट: www.cityhotel.com.np

को

## अवितरित हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आह्वानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरू मिति : २०८२/०७/२३**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०७/३०**

सिटि होटल लिमिटेडको १ : ०.८० को अनुपातमा हकप्रद शेयरहरू बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरहरूका लागि आवेदन नपरेकाले प्रचलित कानून तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १५ समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरू बोलकबोल बढाबढ गरी बिक्री गर्न निष्काशन कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरू खरीद गर्न इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरूले **मिति २०८२ साल कार्तिक ३० गते बैंकिङ्ग समयभित्र** देहाय बमोजिमको स्थानहरूमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरूको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ ।

**बोलपत्रद्धारा बिक्री गरिने शेयरको विवरण:**

| विवरण | शेयर कित्ता | कैफियत |
|---|---|---|
| संस्थापक समूहतर्फको | १९,८९,९९९ | मिति २०८३/०२/०४ गतेसम्म लकईनमा रहने |
| कर्मचारीहरु तर्फको लकईनमा रहेको शेयर | ६,००० | |
| सर्वसाधारण समूह तर्फको लकईनमा नरहेको शेयर | १,५४,४१९ | |
| **जम्मा अवितरित शेयर** | **२१,५०,४१८** | |

**संकलन केन्द्रहरू:**

| क्र.सं. | बोलपत्र आवेदन फाराम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | श्री प्रभु क्यापिटल लि., कमलादी, काठमाडौं । |
| २. | श्री प्रभु बैंक लिमिटेड, शाखा कार्यालयः विराटनगर, हेटौडा, वीरगंज, पोखरा, बुटवल, सुर्खेत र धनगढी । |

**शर्तहरू:**

१. बोलपत्र आवेदन फाराम रू.१००/- भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रू. १००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरीदको लागि भिन्दा भिन्दै शिलबन्दी खामभित्र आवेदन दिनु पर्नेछ । लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरूको नामबाट आवेदन गर्दा आफ्नो आधिकारिक पत्र मार्फत तोकिए अनुरूपको सूची बनाई सम्पूर्ण आवेदकहरूको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेक मार्फत पेश गर्न सक्नेछ । **कबोल गर्ने दर दशमलव पछिको दुई अंक मात्र मान्य हुनेछ** । साथै, शिलबन्दी बोलपत्र लाहाछाप गरिएको हुनु पर्नेछ ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर तथा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन ।

४. बोलपत्र दाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर, खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रूपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ । साथै, शिलबन्दी खाम बाहिर **अनिवार्य रुपमा आवेदकको नाम, ठेगाना, हितग्राही खाता नं., बैंकको नाम, बैंक खाता नं. र फोन नं. उल्लेख गरिएको हुनुपर्नेछ ।**

५. बोलपत्र पेश गर्दा **न्यूनतम १०० कित्ता वा सो भन्दा बढीका लागि नियमक निकायले तोकिएको प्रति व्यक्ति/संस्था सिमाको अधिनमा रहने गरी माग अनुसारको कित्ताका लागि आवेदन दिन सकिने छ । दशमलव (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन ।** रू. ५ लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रूपमा र रू. ५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रूपमा आफ्नो स्थायी लेखा नं. (PAN) आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।

६. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रूपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको हुन आउने सम्पूर्ण रकम **मिति २०८२/०७/३० गते दिउँसो २:०० बजेभित्र** तल उल्लेख गरे बमोजिमको बैंक खातामा जम्मा हुने गरी धरौटी वापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) संग्लन गर्नु पर्नेछ । **क्लियरिङ्ग हुने चेक जम्मा गरी आवेदन दिने अन्तिम मिति भन्दा पछि खातामा रकम जम्मा भएमा सो आवेदनलाई समावेश गरिने छैन** । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा प्रभु क्यापिटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको A/C Payee Cheque/Manager's Cheque संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिईने छैन । साथै Good For Payment गर्दा लाग्ने शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ तथा रू. २ लाख भन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क बापतको रकम बोलपत्र आवेदन फारमका साथ बुझाउनु पर्नेछ ।

| बैंक | खाताको नाम | खाता नं. |
|---|---|---|
| **प्रभु बैंक लिमिटेड, कमलादी शाखा** | **प्रभु क्यापिटल लिमिटेड** | **१११००६३१८१६००११२** |

७. Swift Transfer को माध्यमबाट रकम जम्मा गर्न चाहने व्यक्ति वा संस्थाले Swift Transfer आदेशको कपी र खातामा रकम जम्मा भएको कपी संलग्न गरी आवेदन दिन सक्नेछन् । यसरी जम्मा भएको रकम बोलपत्र पेश गर्ने अन्तिम दिनसम्ममा तोकिएको खातामा जम्मा भइसकेको हुनुपर्नेछ ।

८. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था हुनुपर्नेछ । बोलपत्र आवेदक संगठित संस्था, फर्म वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. (PAN), कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, अख्तियारनामाको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।

९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर **आफूले लिन चाहेको (संस्थापक समूहतर्फ/कर्मचारीहरु समूह तर्फको लकईनमा रहेको/सर्वसाधारण समूह तर्फको लकईनमा नरहेको) समूह उल्लेख** गरी "**सिटि होटल लिमिटेडको ................... समूहको शेयर खरीद आवेदन**" उल्लेख गरीएको हुनुपर्नेछ ।

१०. बोलपत्र **मिति २०८२/०७/३० गते दिउँसो २:०० बजेभित्र** यस निष्काशनका लागि तोकिएको संकलन केन्द्रहरूमा दर्ता भई सक्नुपर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।

११. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

१२. प्राप्त बोलपत्रहरू सम्पूर्ण तोकिएका संकलन केन्द्रहरूबाट निष्काशन तथा बिक्री प्रवन्धकको कार्यालयमा संकलन भए पश्चात् बोलपत्र खोलिने मिति, समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ ।

१३. उपत्यका बाहिरका संकलन केन्द्रहरूबाट संकलित आवेदन फारमहरू कुरियर मार्फत पठाउनु पर्ने भएकाले कुनै कारणवश काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा समयमा पठाउन नसकेमा वा समयमा प्राप्त हुन नसकेमा वा बिचमा नै नष्ट हुन गएमा नियामक निकायको राय सुझाव लिएर मात्र लिलाम बढाबढको आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

१४. प्राप्त बोलपत्रहरूको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरूमध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरू पर्न गई बाँडफाँड हुन बाँकी शेयरभन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रूपमा शेयर बाँडफाँड गरिनेछ ।

१५. बोलपत्र आवेदनहरू मध्ये बाँडफाँडमा नपरेका आवेदकहरूको बोलकबोल वापत जम्मा भएको रकम धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा तोकिएको समयावधी भित्रमा IPS मार्फत आवेदकहरूको बैंक खातामा सोझै फिर्ता भुक्तानी गर्ने व्यवस्था गरिनेछ । साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१६. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरी बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।

१७. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार निष्काशन कम्पनीको सञ्चालक समितिमा रहनेछ ।

**बिक्री प्रबन्धक:**

PRABHU CAPITAL
(A Subsidiary of Prabhu Bank Ltd.)

**प्रभु क्यापिटल लिमिटेड**
रजिष्टर्ड कार्यालय: कमलादी, काठमाण्डौं, नेपाल
फोन नं. : ९७७-०१-४१६९१००, ५९७०२००
इमेल: info@prabhucapital.com, वेबसाइट: www. prabhucapital.com

मिति २०८२/०७/१६ गतेको नागरिक र आर्थिक दैनिकमा प्रकाशित गर्ने